# राजविराज नगरपालिका विनियोजन ऐन २०७८

प्रस्तावनाः राजविराज नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

**संक्षिप्तनाम प्रारम्भः** (१) यस ऐनको नाम “विनियोजन ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिकवर्ष २०७८।०७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९८,६८,००,००० /०० (अन्नठानब्बे करोड अरसठ्ठी लाख रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनियस नगरपालिकामा अन्य कुनै निकायबाट तोकिएका कार्यक्रम सञ्चालन गर्न रकम निकासा भइ सञ्चित कोषमा प्राप्त हुने रकम खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न र बचत रकम सम्बन्धितलाई फिर्ता दिनबाधा पर्ने छैन ।

विनियोजनः(१)यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त राजविराज नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित) नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| **श्रोत** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **बितीय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | नगरकार्यपालिका | १,५१,००,०००।०० | ०० | ०० | १,५१,००,०००।०० |
| संघीय बितीय सामानीकरण | नगरकार्यपालिका | ४,३६,६७,०००।०० | १४,९७,३३,०००।०० | ०० | १९,३४,००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुदान | | | | | |
| संघीय राजस्व बाँडफाँड | नगरकार्यपालिका | १०,००,००,०००।०० | १४,३८,०००।०० | | १०,१४,३८,०००।०० |
| प्रदेश सडक बोर्ड एवं अन्य निकाय बाट | नगरकार्यपालिका | १७,७९,२८,०००।०० | ४,६९,७९,०००।०० | | २२,४४,०७,०००।०० |
| संघीय सरकार बाट | बिषयगत शसर्त शाखा | १८ ,७४,५५,०००।०० | २६,४५,००,०००।०० | | ४५,१९,५५,०००।०० |
| | ऋणको साबा ब्याज भुक्तानी | ०० | ०० | | ०० |
| | लगानी (शेयर /ऋण | ०० | ०० | | ०० |
| कुल जम्मा | | ५२४१५००००।०० | ४६२६५००००।०० | | ९८६८०००००००।०० |

.........................

जय नारायण मंडल

विधेयक समितिसंयोजक

राजविराज नगरपालिका